भैरबी गाउँपालिका

# भैरबी राजपत्र

खण्ड: ४ संख्या: ८ मिति: २०७७/१२/०२

**भैरबी गाउँपालिकाको कार्यालयबाट सम्पादन गरिने विभिन्न कार्यहरु, यस गाउँपालिकाको कार्य क्षेत्र भित्र विभिन्न पेशा, व्यवसाय, विकास निर्माणका कार्यहरु शैक्षीक, सामाजिक गतिविधि आदी सञ्चालन गरी भैरबी गाउँपालिकालाई सुशासनयुक्त र विकासका गतिविधिद्वारा समुन्नत बनाउन नेपालको संबिधानको घारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम भैरबी गाउँपालिकाबाट पारित भएका नियमावली, निर्देशिका र कार्यविधिहरु भैरबी राजपत्र मार्फत सार्वजनीक गरियो ।**

**आज्ञाले**
**भलाराम पंगाली**
**प्रमुख प्रशासकिय अधिकृत**

**भाग-२**

**भैरबी गाउँपालिका**
**भैरीकालीकाथुम, दैलेख**

**शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, हरियाली विकास र पूर्वाधार: भैरबीका छ आधार**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

भाग - २

भैरबी राजपत्र

सम्वत् २०७७ सालको नियमावली, निर्देशिका वा कार्यविधि नं. ८

# हेभी इक्युप्मेन्ट सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

प्रमाणीकरण मितिः २०७७।१२।०२

स्थानीय पुर्वाधार विकास आयोजना तथा परियोजनाहरुलाई छिटो छरितो र गुणस्तरीय बनाउन तथा स्थानीय स्तरमा प्रभावकारी सेवा प्रवाह गर्न भैरवी गाउँपालिकाको स्वामित्वमा रहेका हेभी इक्युप्मेन्टहरुको संचालन र व्यस्थापन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) घ को (११) ले निर्दिष्ट गरे बमोजिम भैरवी गाउँपालिकाको मिति २०७७।०८।२२ गतेको बैठकको स्वीकृतिबाट यो **हेभी इक्युप्मेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "**हेभी इक्युप्मेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" रहनेछ ।**

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा**

क) **"हेभी इक्युप्मेन्ट"** भन्नाले रोलर, बारुण यन्त्र, ब्याक-हु लोडर, ग्रेडर, ट्याक्टर, ट्याङ्कर, ट्रिप्पर र ट्याक्टर लगायतका अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ ।

ख) **"कार्यपालिका"** भन्नाले भैरवी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"समिति"** भन्नाले यस कार्यविधि अन्तरगत गठित संचालक समितिलाई सम्झनु पर्दछ।

घ) **"शाखा"** भन्नाले यस भैरवी गाउँपालिकाको हेभी इक्युप्मेन्ट सम्बन्धि उप शाखा/जिन्सी उपशाखालाई सम्झनु पर्दछ।

ङ) **"कोष"** भन्नाले भैरवी गाउँपालिकाको हेभी ईक्विप्मेन्ट संचालनको लागि तोकिएको कोष सम्झनुपर्दछ ।

च) **"चालक"** भन्नाले हेभी इक्युप्मेन्ट चलाउने हेभी सवारी चालकलाई सम्झनु पर्दछ।

ज) **"सेवाग्राही"** भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने व्यक्ति, सार्वजनिक संघ संस्था, समिति, उपभोक्ता समिति वा अन्य यस्तै प्रकृतिका अन्य निकाय सम्झनुपर्दछ ।

**३. संचालक समितिको गठन**

क) भैरवी गाउँपालिकामा रहेका हेभी ईक्विप्मेन्टहररु संचालनको लागि देहाय बमोजिमको संचालक समिति रहनेछ ।

- ❖ संयोजक — प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी
- ❖ सदस्य — योजना अनुगमन तथा मुल्याङ्कन ईकाई प्रमुख
- ❖ सदस्य सचिव — हेभी ईक्वीप्मेन्ट शाखाजिन्सी शाखा प्रमुख/

ख) बैठकमा आवश्यकता अनुसार अन्य कर्मचारी/पदाधिकारीलाई आमन्त्रित गर्न सकिनेछ ।

**४. समितिको काम कर्तव्य र अधिकार**

क) संचालक समितिको काम कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

१. हेभी ईक्वीप्मेटहरु प्रयोगको दररेट परिमार्जनका लागि सिफारिस गर्ने ।

२. हेभी ईक्वीप्मेटहरुको रेखदेख र संचालनको अवस्थामा नियमन गर्ने ।

३. हेभी ईक्वीप्मेटहरुको नियमित मर्मत संभार गर्ने ।

४. हेभी ईक्वीप्मेटहरु संचालनको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

५. कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. समितिको बैठक सम्बन्धी कार्यविधि**

क) समितिको बैठक कम्तीमा त्रैमासिक रुपमा बस्नुपर्नेछ ।

ख) आवश्यकताअनुसार समितिको बैठक जुनसुकै अवस्थामा पनि बस्न सक्नेछ ।

**६. हेभी इक्युप्मेन्टको उपलब्धता/सेवा प्राप्त गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी व्यवस्था**

क) सेवाग्राहिले अनुसूची-१ बमोजिमको ढाचामा निवेदन पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिकाबाट उपलब्ध गराइने इक्युपमेन्टको भाडादर अनुसुची-२ बमोजिम हुनेछ ।

ग) सेवाग्राहिले अनुसूचि-१ बमोजिम फारम भरी समितिको सिफारिसमा अनुसुचि-२ बमोजिमको शुल्क बुझाइसकेपछि अनुसुचि-३ बमोजिमको ढाँचामा सम्झौता गरी इक्वीपमेन्ट उपलब्ध गराइनेछ ।

घ) तत्काल हेभी इक्वीपमेन्ट प्रयोगमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएमा पछि समितिको बैठकबाट अनुमोदन गराउने गरी सम्बन्धित शाखाले इक्वीपमेन्ट उपलब्ध गराउन सक्नेछ।

ङ) अग्रिम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्ने भएमा थप दस्तुर उठाउने दायित्व काममा खटिएको हेभी सवारी चालकको हुनेछ ।

च) लापरबाहीका कारणले हेभी इक्युप्मेन्टमा कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हनेछ ।

छ) बिपत्ति र गाउँपालिकाबाट आयोजना गरिने बिशेष कार्यका सन्दर्भमा हेभी इक्युप्मेन्ट संचालन गर्नुपर्ने भएमा महसुल छुट गर्न सकिनेछ सोको जानकारी गाउँ कार्यपालिकालाई गराउनुपर्नेछ ।

ज) गाउँपालिकाबाट सम्झौता गरि कार्य सचालन हुने उपभोक्ता समितिहरुको हकमा तत्काल भाडा बुझाउन नसक्ने भएमा रकम भुक्तानी हुदा कटाउने गरी इक्युप्मेन्ट उपलब्ध गराउन सकिनेछ पर्नेछ ।

**७. संचालन कोषको व्यवस्था**

क) हेभि इक्युप्मेन्ट संचालनको लागि एउटा छुट्टै कोष खडा गरिनेछ । उक्त कोषमा देहाय बमोजिमको रकम रहने छः-

१. भैरवी गाउँपालिकाबाट विनियोजित रकम ।

२. सेवाग्राहीबाट प्राप्त हुने दस्तुर ।

३. विभिन्न निकायबाट प्राप्त हुने रकम ।

**८. कोषको संचालन विधि**

प्रचलित कानुन अनुसार नगरपालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष संचालन हुनेछ ।

**९. संसोधन तथा खारेजीः**

प्रत्येक आर्थिक वर्षमा आवश्यकता अनुसार कार्यापालिकाको निर्णय अनुसार संसोधन र खारेजी गर्न सकिनेछ।

**१०. विविध**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हनेछ

ख) गाउँ कार्यपालिकाबाट यो कार्यविधिमा समयानुसार परिमार्जन गर्न सकिनेछ ।

ग) यस कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

अनुसुची-१

(बुदा ६ को (क) संग सम्बन्धित)

**<u>रोलर / ग्रेडर / व्यकहो लोडर / टिप्पर / टूयाक्टर भाडामा लिने सम्बन्धि निवेदनको ढाँचा</u>**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
भैरवी गाउँपालिकाको कार्यालय
भैरिकालिकाथुम, दैलेख

................................ कामको लागि गाउँपालिकाको नियमानुसार निम्न लिखित रोलर/ग्रेडर/व्यक-हु लोडर/टिप्पर/टूयाक्टर तपशिलमा उल्लेखित समयको लागि उपलब्ध गरि दिन हुन निवेदन गर्दछ ।

१. रोलर/ग्रेडर/व्यक-हु लोडर/टिप्पर/टूयाक्टर

कार्यको विवरण स्थान सिफ्ट कहिले देखि अनुमानित

कार्य अवधि................, देखि................. सम्म कार्यालयको नियम अनुसार राजश्व जम्मा गरिस्केपछि मेसिन लैजाने र काम गर्ने करारमा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा शर्तहरु पालना गर्न मन्जुर गर्दछु ।

निवेदकको पुरा नाम, ठेगाना :-

टेलिफोन नः-

निवेदक वा निजको प्रतिनिधिको हस्ताक्षर

अफिसको कामको लागि मात्र

श्री आर्थिक प्रशासन शाखा

.................. निम्न बमोजिम रकम आम्दानी बाध्नु होला ।

भाडामा दिएको विवरणः

भाडा दर (प्रति घण्टा / सिफ्ट) ....

जम्मा राजश्व रकम

राजश्व रकम प्राप्त भएको मिति

पेश गर्ने कर्मचारी प्रमाणित गर्ने

**अनुसूची-२**

(बुदों ६ को (ख) संग सम्बन्धित)

**<u>हेभि इक्यप्मेन्ट प्रयोग गरे बापतको दस्तुर</u>**

| **क्र.सं.** | **हेभी ईक्वीपमेन्टको नाम** | **गाउँपालिका क्षेत्र भित्र र गाउँपालिका बा अन्गतरगतको योजना कार्यक्रमको लागि दररेट** | | **गाउँपालिका क्षेत्र बाहिर र व्यक्तिगत तथा निजी कामको लागि दररेट ईन्धन बाहेक** | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **ईन्धन बाहेक** | **ईन्धन समेत** | **ईन्धन बाहेक** | **ईन्धन समेत** | |
| १ | ब्याक हु लोडर | रु. १२०० | रु. २००० | रु. १५०० | रु. २२०० | |
| २ | ट्र्याक्टर | | | | | |
| ३ | ट्रिप्पर | | | | | |
| ४ | रोलर | | | | | |
| ५ | शब बाहन | | | | | |
| ६ | बारुण यन्त्र | | | | | |
| ७ | ग्रेडर | | | | | |
| ८ | पानी टयाङ्कर | | | | | |

नोटः- माथि उल्लिखित दररेटमा कार्यालय दिन/समयमा २.५ प्रतिशत र कार्यालय समय बाहेक वा बिदाका दिनमा ५ प्रतिशत चालक भत्ताको व्यवस्था सेवाग्राहीले भुक्तानी गर्नुपर्नेछ । समय समयमा आवश्यकता अनुसार कार्यपालिकाले तोकेवमोजिम दररेट फेरवदल हुने छ ।

## <u>अनुसूची-३</u>

(बुदाँ ६ को (ग) संग सम्बन्धित)

**<u>भैरवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भैरिकालिकाथु, दैलेख र .......................................</u>**
**<u>का बीच गाउँपालिकाको स्वामित्वमा रहेका हेभी इक्युप्मेन्ट भाडामा लगाउने कार्य सम्बन्धी सम्झौता पत्र</u>**

भैरवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भैरिकालिकाथु, दैलेख (यस पछि प्रथम पक्ष भनिनेछ) र .............. जिल्ला ......................... पालिका वडा नं. ... स्थित .............................................. (यस पछि दोस्रो पक्ष भनिनेछ) को बीचमा हेभी ईक्वीपमेन्ट भाडामा लिन/दिन देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा रही दुवै पक्ष एक आपसमा सहमत भई भैरवी गाउँपालिकाको कार्यालयमा बसी यो द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गरिदियौ/लियौ ।

१. प्रथम पक्षले दोस्रो पक्षलाई मिति घण्टा ...... सम्म .................. देखि मिति .................... भाडामा उपलब्ध गरा ................................ (मेशिन आउने र जाने समय समेत)उनुपर्नेछ ।

२. भैरवी गाउँपालिका क्षेत्र भित्र सार्बजनिक निर्माणको कार्य गर्न प्रतिघण्टा ईन्धन खर्च समेत............बाहेक/मा दोस्रो पक्षले भुक्तान गर्नुपर्नेछ ।

३. हेभी इक्युप्मेन्टको प्रयोगको क्रममा दोस्रो पक्षको लापरबाहीबाट दुर्घटना भएको पुष्टि हुन आएमा उक्त क्षतिको पूर्ति दोस्रो पक्षले गर्ने छ।

४. हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि-२०७७ मा भएका कुराको अतिरिक्त निम्नलिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

   क) समयमा कार्य सम्पादन हुन नसके हेभी इक्यूप्मेन्ट फिर्ता गरि सम्झौता भंग गर्ने ।

   ख) प्रचलित कानून वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार ।

५. हेभी ईक्वीपमेन्टको बहाल अवधिभरको अपरेटर भत्ता दोस्रो पक्ष स्वयमले बहोर्नुपर्नेछ ।

६. सम्झौतामा उल्लेख नभएका विषयबस्तुहरुको हकमा नेपालको प्रचलित कानून (सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४) बमोजिम हनेछ ।

**<u>प्रथम पक्षको तर्फबाट</u>**

दस्तखत ......................
नामथरः
प्रमुख प्रशासकीय अधिकृत
भैरवी गाउँपालिकाको कार्यालय, दैलेख

**<u>दोस्रो पक्षको तर्फबाट</u>**

दस्तखत ......................
नाम थरः
ठेगानाः

**<u>रोहबर</u>**

दस्तखत ......................
नामथरः
योजना शाखाः
भैरवी गाउँपालिका, दैलेख

दस्तखत ......................
नामथरः
जिन्सी शाखा
भैरवी गाउँपालिका, दैलेख

**ईति सम्बत् ........ साल ....... गते ..... रोज ..... शूभम् ।**

आज्ञाले

भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत